जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १६५ • २०८२ चैत्र २३ गते सोमवार • 6 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# जसपा नेपालका महासचिव रामकुमार शर्माले दिए पदबाट राजीनामा !

**मो.इर्शाद**
**महोत्तरी, २२ चैत्र**



जनता समाजवादी पार्टी नेपाल ( जसपा नेपाल) का महासचिव राम कुमार शर्मा ले पदबाट राजीनामा दिएका छन्। २०८२ सालको आम निर्वाचनमा पार्टीले व्यहोरेको अप्रत्याशित पराजयको नैतिक जिम्मेवारी लिँदै उनले आफ्नो पद त्याग गरेको सार्वजनिक गरेका हुन्।

शर्माले आइतबार सार्वजनिक गरेको वक्तव्यमा जनताको जनादेशलाई सम्मान गर्दै नैतिकताको आधारमा महासचिव पदबाट राजीनामा दिएको उल्लेख गरेका छन्। उनले पार्टी नेतृत्वप्रति आभार व्यक्त गर्दै आफूलाई दिएको जिम्मेवारी निर्वाह गर्ने अवसरप्रति धन्यवाद समेत व्यक्त गरेका छन्। जनताको जनादेशलाई स्वीकार गर्दै नैतिक जिम्मेवारीका आधारमा म महासचिव पदबाट राजीनामा दिएको घोषणा गर्दछु," उनले भनेका छन्। २०८२ को आम निर्वाचनमा जसपा नेपाल शून्य सिटमा सीमित भएपछि पार्टीभित्र गम्भीर समीक्षा सुरु भएको छ। एक समय संसदको चौथो ठूलो शक्ति बनेको दल पछिल्लो समय लगातार विभाजन र कमजोर संगठनका कारण कमजोर बन्दै गएको विश्लेषण गरिएको छ। मधेस जनआन्दोलन पछि स्थापित भएको जसपा नेपाल मधेसको प्रमुख राजनीतिक शक्ति मानिन्थ्यो। तर पछिल्ला वर्षहरूमा नेतृत्व विवाद, आन्तरिक कलह र संगठनात्मक कमजोरीका कारण पार्टीको जनाधार खस्किँदै गएको टिप्पणी गरिएको छ। निर्वाचन परिणामसँगै देशभर नयाँ राजनीतिक शक्ति उदय भएको छ भने परम्परागत दलहरू गम्भीर दबाबमा परेका छन्। यसैक्रममा बालेन्द्र साह नेतृत्वको उदय र नयाँ राजनीतिक धारले पुराना दलहरूलाई चुनौती दिएको देखिन्छ।शर्माको राजीनामापछि जसपा नेपालभित्र नेतृत्व पुनर्संरचना र आगामी रणनीतिबारे छलफल तीव्र हुने अपेक्षा गरिएको छ। पार्टी अध्यक्ष उपेन्द्र यादव ले भने यस विषयमा औपचारिक प्रतिक्रिया दिएका छैनन्।

## सातामा २ दिन बिदा दिने निर्णय सोमबारदेखि लागु




**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २२ चैत्र**

नेपाल सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय सोमबारदेखि लागु गर्ने आधिकारिक रूपमा राजपत्रमा प्रकाशित गरेको छ ।

गृह मन्त्रालयले प्रकाशन गरेको सूचना अनुसार चैत २३ गतेदेखि लागू हुने गरी शनिबार र आइतबार सार्वजनिक बिदा दिइने उल्लेख छ । नयाँ व्यवस्था अनुसार सरकारी कार्यालय, सार्वजनिक निकाय र शैक्षिक संस्थाहरूमा साताको दुई दिन बिदा हुनेछ। बिदा थपिएसँगै सरकारले कार्यालय समयमा पनि परिमार्जन गरेको छ। अब सरकारी कार्यालयहरू बिहान ९ बजेदेखि अपराह्न ५ बजेसम्म सञ्चालन हुनेछन्। यद्यपि, हिउँदयामको समयमा (कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म) भने कार्यालय समय बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म मात्र कायम रहने राजपत्रमा उल्लेख गरिएको छ ।




## नगराईन ३ मा निःशुल्क कम्प्युटर तालिम सुरु, ३० जना विद्यार्थीहरु सहभागी



**ओपि साह**
**जनकपुरधाम, २२ चैत्र**

नगराईन नगरपालिका वडा नं. ३ मा तीन महिने निःशुल्क कम्प्युटर तालिम आइतबार बाट सुरु गरिएको छ। स्थानीय तहको पहलमा सञ्चालन गरिएको उक्त तालिममा ३० जना विद्यार्थी सहभागी छन् ।

वडा अध्यक्ष पल्टु साह को अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा नगराईन नगरपालिका प्रमुख प्रशासकिय अधिकृत कार्यक्रमका प्रमुख अतिथि सुधिर कुमार साहले सूचना प्रविधिको ज्ञान आजको आवश्यकता भएको बताउँदै युवा लाई सीपमुखी बनाउन यस्ता कार्यक्रम प्रभावकारी हुने बताए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै धर्मेन्द्र यादवले तालिमले स्थानीय युवाको क्षमता अभिवृद्धि गर्दै रोजगारीको सम्भावना बढाउने विश्वास व्यक्त गरे ।

तालिम जनकपुर स्किल डेभलपमेन्ट इन्स्टिच्युट प्रा.लि. को प्राविधिक सहयोगमा सञ्चालन भइरहेको जनाइएको छ। आयोजकका अनुसार तालिम तीन महिनासम्म सञ्चालन हुनेछ ।






## महँगी नियन्त्रण गर्न जरुरी

इरान तथा अमेरिका युद्धका कारण अहिले अन्तरराष्ट्रिय बजार सहित नेपालमा समेत महँगी बढेको देखिन्छ । अहिले खाना पकाउँने एलपी ग्याँसदेखि पेट्रोल,डिजल तथा मटितेलमा समेत अत्यधिक मुल्य बृद्धि भएको छ ।

खाना पकाउने तेलदेखि विभिन्न खाद्यपदार्थ तथा विभिन्न दैनिक उपभोग्य बस्तुहरुका मुल्य ह्वातै बढेको देखिन्छ । मुल्य बृद्धिका कारण अहिले सामान्य जनताको जनजिवन कष्टकर बन्दै गएको छ ।

अहिले बालेन सरकारले सर्वसाधारणका लागि राहत प्याकेजको घोषणा गर्न आवश्यक रहेको देखिन्छ । बढदो खाद्य समाग्री तथा इन्धनको प्रयोगमा मितव्ययीता ल्याउन हप्ताहमा २ दिन बिदाको चलन बसाउनु एउटा समाधान हो । तर स्थायी समाधानको लागि बालेन सरकारले पेट्रोल तथा डिजल सबारी साधनको ठाउँमा ईलेक्ट्रीक गाडीको प्रयोग गर्न गराउन आवश्यक हुन्छ । साथै सरकारले विशेष खबरदारी देखाए पनि अहिले ग्याँसको कालाबजारी समेत बढेको छ । यस परिवेशमा बालेन सरकारले चौतर्फी बढेको महँगी नियन्त्रण गर्न जरुरी छ ।

# सरकारी विज्ञापन नीतिविरुद्ध सर्वोच्चमा रिट, निजी सञ्चारमाध्यम धरापमा पर्ने दाबी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ चैत्र**



सरकारी विज्ञापन वितरणसम्बन्धी नेपाल सरकारको नयाँ नीतिविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

रौतहटको गरुडा नगरपालिका-८ निवासी १९ वर्षीय राहुल कुमार साहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सम्बन्धित निकायलाई विपक्षी बनाएर उत्प्रेषण, पर मादेशलगायतका आदेश माग गर्दै रिट दायर गरेका हुन्।

निवेदक साहले सरकारद्वारा जारी गरि एको परिपत्रले निजी सञ्चार माध्यममाथि प्रत्यक्ष असर पार्ने र त्यसबाट सयौं मिडिया संस्था बन्द हुने तथा हजारौं पत्रकारको रोजीरोटी गुम्ने खतरा रहेको जिकिर गरेका छन् । उनले उक्त निर्णय कार्यान्वयन भए स्वतन्त्र प्रेसमाथि गम्भीर क्षति पुग्ने भन्दै तत्काल अन्तरिम आदेश जारी गरी निर्णय कार्यान्वयन नगर्न माग गरेका छन्।

रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट चैत १८ गते जारी परिपत्रमार्फत 'मितव्ययिता र पारदर्शिता'को नाममा विज्ञापन वितरणलाई सीमित गरिएको उल्लेख छ। निवेदकका अनुसार उक्त नीतिले सरकारी कोषबाट खर्च हुने विज्ञापन रकम मुख्यत: राज्यनियन्त्रित सञ्चार माध्यममा केन्द्रित गर्ने वातावरण बनाएको छ। यसले निजी मिडियालाई आर्थिक रूपमा कमजोर बनाउने उद्देश्य लिएको आरोप लगाइएको छ । निवेदकले संविधानको धारा १७, १८, १९ लगायतका मौलिक हकसँगै सूचना अधिकार, समानताको अधिकार र अभिव्यक्ति स्वतन्त्रताको हक उल्लंघन भएको दाबी गरेका छन्। साथै, अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको समेत उल्लंघन भएको उल्लेख गरिएको छ । रिटमा 'छद्म कार्य' (ऋयियचबदभि ब्अतष्यल) को सिद्धान्त उल्लेख गर्दै सरकारले प्रत्यक्ष रूपमा गर्न नसक्ने सेन्सरशिप आर्थिक माध्यमबाट लागू गर्न खोजिएको आरोप लगाइएको छ । 'मिडियालाई प्रत्यक्ष नियन्त्रण गर्न नसकेपछि विज्ञापन जस्तो प्रमुख आम्दानीको स्रोत बन्द गरेर भयको मनोविज्ञान सिर्जना गर्न खोजिएको देखिन्छ,' निवेदनमा उल्लेख छ।

त्यस्तै, 'विचारहरूको खुला बजार' ( :बचपभतउबिअभ या क्षमभबक) को अवधारणालाई कमजोर बनाउँदै र ाज्यनियन्त्रित मिडियामार्फत सूचना प्रवाहमा एकाधिकार स्थापना गर्ने प्रयास भएको दाबी गरिएको छ । निवेदकले यस्तो नीतिले लोकतान्त्रिक मूल्यमान्यतामा गम्भीर असर पार्ने बताएका छन्।

रिटमा सार्वजनिक कोषबाट खर्च हुने विज्ञापन रकम 'सार्वजनिक विश्वासको सिद्धान्त' (Public Trust Doctrine) अनुसार सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण हुनुपर्ने उल्लेख छ।

तर, हालको निर्णयले करदाताको र कम सीमित निकायमा केन्द्रित गरेको भन्दै बदर गर्न माग गरिएको छ । निवेदकले अधिवक्ता महावीर कुमार साहमार्फत दायर गरेको उक्त रिटमा सम्बन्धित परिपत्रलाई 'अधिकारक्षेत्र विहीन, असंवैधानिक र बदनियतपूर्ण' भन्दै उत्प्रेषणको आदेशमार्फत खारेज गर्न माग गरिएको छ। साथै, अन्तिम निर्णय नभएसम्म उक्त नीतिको कार्यान्वयन रोक्न अन्तरिम आदेश जारी गर्न आग्रह गरिएको छ।

# सभामुख अर्यालद्वारा राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २२ चैत्र**

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नवनिर्वाचित प्रतिनिधि सभाका सभामुख डोलप्रसाद अर्यालले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। राष्ट्रपति कार्यालय, शीतल निवासमा आयोजित एक विशेष समारोहका बीच राष्ट्रपति पौडेलसमक्ष सभामुख अर्यालले शपथ लिनु भएको हो। आइतबार बसेको प्रतिनिधि सभाको बैठकमा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्यालको एकल उम्मेदवारी परेको जानकारी दिँदै उहाँलाई निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभएको थियो।

सो समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद, प्रधानमन्त्री वालेन्द्र शाह, राष्ट्रिय सभाका अध्यक्ष नार ायणप्राद दाहाल, कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल, मन्त्रीगण, भूपू प्रधानमन्त्री, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि, संवैधानिक निकायका प्रमुखसहित उच्च पदस्थ सरकारी अधिकारी र लब्धप्रतिष्ठित महानुभावहरूको सहभागिता थियो।

# काठमाडौंमा समातिएका गुण्डागर्दी गर्ने ७६ जनाको हिरासत म्याद थप



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २२ चैत्र**

काठमाडौंमा चैत १९ र २० गतेगरी दुई दिनमा समातिएका ७६ जना गुण्डागर्दी तथा अभद्र व्यवहार गर्नेहरूको हिरासत म्याद थप भएको छ। जिल्ला प्रहरी परिसर, काठमाडौंका अनुसार उनीहरूको जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट आइतबार हिरासत म्याद थप भएको हो।

काठमाडौं परिसरका प्रवक्ता एसपी पवनकुमार भट्टराईका अनुसार ७६ जनामध्ये ७० जनालाई अभद्र व्यवहार , तीन जनालाई जुवा र तीन जनालाई लुटपाट कसुरमा अनुसन्धान भइरहेको छ।

उनीहरूलाई प्रहरीले सार्वजनिक सुरक्षामा असर पर्नेगरी गुण्डागदी गर्ने, जुवा खेल्ने-खेलाउने, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङमा यात्रुमाथि जोरजुलुम गर्ने, सर्वसाधारण तथा विदेशी नागरिकलाई अश्लील क्रियाकलापका लागि सार्वजनिक स्थलमै मोलमोलाइ गर्नेगरेको आरोपमा पक्राउ गरेको थियो।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: लामो यात्राको योग छ
मिथून: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: शुभ कार्यको शुरुवात
कन्या: खानपानमा समस्या आउने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जर्मनीमा रोमन 'कल्ट' क्षेत्र भेटियो, मानिसकै बलि दिइने गरिएका संकेत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ चैत्र



जर्मनीको फ्रान्कफर्ट सहर (प्राचीन नाम : निडा) मुनि एउटा अत्यन्तै महत्त्वपूर्ण र रहस्यमय रोमन धार्मिक स्थान फेला परेको छ। यो खोजले प्राचीन रोमनकालीन जर्मनीमा प्रचलित धार्मिक विधि र मानिसको बलिसम्बन्धी डरलाग्दा परम्परहरूका बारेमा नयाँ तथ्य बाहिर ल्याउन सक्ने वैज्ञानिकको विश्वास छ।

जर्मन रिसर्च फाउन्डेसन र स्विस नेशनल साइन्स फाउन्डेसनले यसको विस्तृत अध्ययनका लागि हालै १० लाख युरोभन्दा बढीको कोष स्वीकृत गरेका छन्। यो पुरातात्विक स्थल सन् २०१६ देखि २०२२ को बीचमा फ्रान्कफर्टको 'रोमर स्टाडस्कुल' नामक विद्यालय भवन निर्माणका क्रममा फेला परेको थियो। ४ हजार ५ सय वर्ग मिटरभन्दा बढी क्षेत्रमा फैलिएको यो ठाउँ रोमन कालदेखि नै सुरक्षित अवस्थामा रहेको पाइएको छ।

उत्खननका क्रममा एउटा इनारभित्र मानव कङ्काल फेला परेको छ। यसका साथै त्यहाँ देवी डायनाको कास्य मूर्ति र सेप्टेम्बर ९, २४६ ईस्वी संवत् लेखिएको एउटा शिलालेख पनि भेटिएको छ। इनारभित्र कङ्काल र धार्मिक वस्तुहरू सँगै भेटिनुले त्यहाँ 'मानव बलि' दिइएको हुनसक्ने सम्भावना देखाएको छ, जुन यस क्षेत्रका लागि निकै दुर्लभ घटना हो। यस परिसरमा ११ वटा ढुङ्गे भवन र ७० वटा भन्दा बढी गहिरा खाडल भेटिएका छन्। यहाँ जुपिटर, मरकरी, डायना र एपोलो जस्ता धेरै देवी-देवताको पूजा गरिने सङ्केत मिलेको छ। खाडलहरूमा माछा, चरा र अन्य जनावरका हड्डी तथा बोटबिरुवाका अवशेष ठूलो मात्रामा फेला परेका छन्। यसले त्यहाँ देवतालाई बलि चढाएपछि सामूहिक रूपमा 'धार्मिक भोज' खाने गरिएको पुष्टि गर्दछ। भित्तामा गरिएका रङ्गीन चित्रका टुक्रा र भ्याल-ढोकामा प्रयोग गरिएका धातुका सामग्रीले यो निकै भव्य र सजिएको मन्दिर रहेको देखाउँछन्। फ्रान्कफर्टको 'निडा' सहर सन् ७० को दशकमा सैन्य आधार इलाकाको रूपमा स्थापना भएको थियो र ईस्वी संवत् २८० तिर यो सहर खाली गरिएको थियो। युनिभर्सिटी अफ बासेल र गोएथे युनिभर्सिटीका विज्ञहरूले अब आगामी तीन वर्षसम्म यसको सूक्ष्म अध्ययन गर्ने छन्। फ्रान्कफर्टकी सांस्कृतिक आयुक्त डा. इना हार्टविगका अनुसार, यो खोज युरोपभरिकै लागि एउटा अतुलनीय पुरातात्विक उपलब्धि हो। यसले रोमन साम्राज्यको उत्तर-पश्चिमी प्रान्तहरूमा धर्म र शक्तिको सन्तुलन कसरी कायम हुन्थ्यो भन्ने कुरा प्रष्ट पार्ने छ।

# पेट्रोलियम गाडीलाई विद्युतीय बनाउन सहजीकरण गर्नेसहित यी हुन् मन्त्रिपरिषदका निर्णय

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २२ चैत्र



सरकारले डिजेल तथा पेट्रोलिय पदार्थबाट चल्ने गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को आजको बैठकले उक्त निर्णय गरेको हो।

बैठकबारे जानकारी दिँदै प्रवक्ता सस्मित पोखरेलले आगामी वर्षको शैक्षिक सत्र वैशाख १५ बाट शुरू गर्ने निर्णय भएको पनि बताए।

आजको बैठकले अर्थ मन्त्रालयबाट डिजिटल नेपाल ट्रान्सफर्मेसन प्रोजेक्टका लागि एसियाली विकास बैंकले प्रदान गर्ने ४० मिलियन तथा विश्व बैंकले प्रदान गर्ने ५० मिलियन अमेरिकी डलर गरी ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकृत गर्ने निर्णय समेत गरेको छ। यसबाहेक बैठकले दिगो र समावेशी वित्त परियोजनका लागि विश्व बैंकबाट प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय पनि गरेको छ। बैठकले नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग र त्यसअन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति दिने निर्णय पनि गरेको छ। यस्तै, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धमेन्द्र झाको राजीनामा स्वीकृत गर्ने निर्णय पनि आजको बैठकले गरेको छ। उनले पेट्रोलियम आपूर्तिका कारण चैत २३ गतेबाट लागू हुने गरी सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने तथा शैक्षिक संस्थाबाहेक अन्य सरकारी कार्यालयहरूको समय ९ देखि ५ बजेसम्म बनाउने पनि बताए।

# महान्यायाधिवक्ता कँडेल : पत्रकारिताको जग, कानुनको प्राज्ञिक उचाई

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २२ चैत्र



सरकारको मुख्य कानुनी सल्लाहकारको भूमिकामा रहने महान्यायाधिवक्ता पदमा डा. नारायणदत्त कँडेल नियुक्त भएका छन्। बागलुङको बिहुँमा जन्मिएका डा. कडेलाई मन्त्रिपरिदको आइतबारको बैठकले उनलाई नियुक्तिका लागि सिफारिस गरेको थियो। कँडेल बेलायतको क्विन्स युनिभर्सिटीबाट कानुनमै विद्यावारिधि गरेका व्यक्ति हुन्।

तर उनको प्रारम्भिक पेशागत पृष्ठभूमि चाहिँ पत्रकारितासँग जोडिन्छ। २०४९ सालदेखि पूर्णकालिक पत्रकारिताबाट उनको पेशागत जीवन सुरु भएको हो। उनले करिब एक दशकभन्दा बढी समय रेडियो नेपाल, राजधानी दैनिक, राष्ट्रपुकार र नेपाल वाणी साप्ताहिक जस्ता सञ्चार माध्यममा समाचारदाताको रूपमा काम गरेका थिए।

२०५८ देखि २०६० सम्म नेपाल पत्रकार महासंघ, धौलागिरी शाखाको सभापति बनेका थिए पत्रकारिता गर्दागर्दै उनको रुचि कानुन र न्यायको क्षेत्रतर्फ मोडियो २०६० सालमा नेपाल बार काउन्सिलबाट अधिवक्ताको प्रमाणपत्र लिएसँगै उनले व्यावसायिक कानुनी यात्रा औपचारिक रूपमा थाले।

कानुनी अभ्यासकै क्रममा उनी नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक गरेपछि उच्च शिक्षाका लागि युरोपका विश्वविद्यालयहरू गए। २००७ मा नेसनल युनिभर्सिटी अफ आयरल्याण्डबाट अन्तर्राष्ट्रिय शान्ति अध्ययन र २००९ मा बेलायतको अलस्टर युनिभर्सिटीबाट कानुनमा स्नातकोत्तर गरेर पछि बेलायतबाट विद्यावारिधी गरे।

आफ्नो व्यावसायिक जीवनमा उनले अदालतमा बहस मात्र गरेनन् मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता र कानुनी शासनको वकालतमा फ्रिडम फोरम, एम्नेष्टी इन्टरनेसनल र मानव अधिकार तथा शान्ति समाज जस्ता संस्थाहरूसँग मिलेर पनि काम गरे।

# नेटफ्लिक्समा यससाता धेरै हेरिने १० अंग्रेजी फिल्म, शीर्षमा 'पीकी ब्लाइन्डर्स'

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २२ चैत्र



मार्च २३ देखि २९, २०२६ सम्मको साप्ताहिक अवधिमा नेटफ्लिक्समा अंग्रेजी भाषाका फिल्मबीच 'पीकी ब्लाइन्डर्स: द इम्मोर्टल म्यान' सर्वाधिक हेरिएको फिल्म बनेको छ।

यो फिल्मले कुल ३ करोड ६९ लाख घण्टा भ्युज पाउँदै शीर्ष स्थान ओगटेको हो। चर्चित 'पीकी ब्लाइन्डर्स' कथालाई विस्तार गर्ने यो फिल्म एक शक्तिशाली अपराध साम्राज्य, सत्ता संघर्ष र व्यक्तिगत द्वन्द्वको कथामा आधारित छ, जहाँ मुख्य पात्रले आफ्नो विरासत जोगाउन अन्तिम लडाइँ लडिरहेको देखिन्छ। दोस्रो स्थानमा 'वार मेसिन' छ, जसले १ करोड ८७ लाख घण्टा भ्युज पाएको छ। युद्धको पृष्ठभूमिमा आधारित यो फिल्म अमेरिकी सैन्य अभियान, राजनीतिक रणनीति र युद्धको वास्तविकतामाथि केन्द्रित छ।

तेस्रो स्थानमा 'अनाकोन्डा' ले १ करोड ३० लाख घण्टा भ्युज पाउँदै स्थान बनाएको छ। यो एक एड्भेन्चर-थ्रिलर फिल्म हो, जसमा घना जंगलभित्र विशाल सर्पसँगको संघर्ष र बाँच्नका लागि गरिने प्रयास देखाइएको छ। चौथो स्थानमा 'के-पप डेमन हन्टर्स' छ, जसले ८२ लाख घण्टा भ्युज पाएको छ। संगीत र फ्यान्टेसीको मिश्रण रहेको यो फिल्ममा के-पप कलाकारले दानवहरूसँग लड्दै आफ्नो संसार जोगाउने कथा प्रस्तुत गरिएको छ।

पाँचौं स्थानमा 'द ब्याड गाइज २' ले ७४ लाख घण्टा भ्युजसहित स्थान बनाएको छ। यो एनिमेटेड फिल्ममा अपराधी समूहको र माइलो र रोमाञ्चक यात्रा देखिन्छ, जहाँ उनीहरू सुधारको बाटोमा लाग्न खोजिरहेका छन्।

छैटौं स्थानमा 'मिनियन्स: द राइज अफ ग्रु' छ, जसले ५७ लाख घण्टा भ्युज पाएको छ। लोकप्रिय मिनियन्स पात्रहरूको यो कथा सानो उमेरका ग्रुको उदय र उसका हास्यपूर्ण साहसिक घटनामा केन्द्रित छ। सातौं स्थानमा 'व्हाट ह्याप्पेन्स इन भेगास' ले ५२ लाख घण्टा भ्युज पाएको छ। यो रोमान्टिक कमेडी फिल्म हो, जसमा आकस्मिक विवाहपछि दुई अपरिचित व्यक्तिको सम्बन्ध कसरी विकसित हुन्छ भन्ने देखाइएको छ।

आठौं स्थानमा '४० एकर्स' ले ५८ लाख घण्टा भ्युज पाएको छ। यो फिल्म ग्रामीण परिवेश, पारिवारिक सम्बन्ध र जमिनसँग जोडिएको जीवन संघर्षको कथामा आधारित छ।

नवौं स्थानमा 'द राइज अफ द रेड हट चिली पेपर्स: आवर ब्रदर, हिलेल' छ, जसले ४४ लाख घण्टा भ्युज पाएको छ। यो एक डकुमेन्ट्री शैलीको फिल्म हो, जसमा प्रसिद्ध ब्यान्डको सुरुवाती यात्रा र सदस्य हिलेलसँग जोडिएका सम्झना प्रस्तुत गरिएका छन्। सूचीको दशौं स्थानमा 'लुइस थेरो: इन्साइड द म्यानोस्फियर' छ, जसले ३६ लाख घण्टा भ्युज पाएको छ। यो डकुमेन्ट्रीले डिजिटल युगमा विकसित हुँदै गएको 'म्यानोस्फियर' संस्कृतिको गहिरो विश्लेषण गर्छ, जहाँ पुरुष पहिचान, समाज र अनलाइन समुदायबीचको सम्बन्धलाई उजागर गरिएको छ। यो साता विविध विधाका फिल्म दर्शकमाझ लोकप्रिय देखिएका छन्, जसले एकातिर मनोरञ्जन त दिएको छ भने अर्कोतिर समाज, राजनीति र संस्कृतिसँग सम्बन्धित विषयलाई पनि प्रभावकारी रूपमा प्रस्तुत गरेको छ।

# भलिबलको एउटै टिममा परिचारका चार जना सदस्य



जलेश्वरटुडे समाचारदाता
म्याग्दी, २२ चैत्र

म्याग्दीको धवलागिरि गाउँपालिका-३ फलियागाउँको एउटा भलिबल टिममा एकै घरका चार जना सहभागी छन्। छ जना खेलाडी आवश्यक पर्ने भलिबल टिममा सबहादुर गोतामे र उनका तीन छोराहरू स्थायी सदस्य हुन्। बयालीस वर्षीय सबहादुरका २० वर्षीय नरेश, १९ वर्षीय नवीन र १७ वर्षीय केशव भलिबलका खेलाडी हुन्।

दुई जना परिवार बाहिरका खेलाडीलाई थपेर विभिन्न ठाउँमा आयोजना हुने भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्ने उनीहरू 'घरपरिवार भलिबल' समूहका नामले चिनिन थालेका छन्। "बुबा सबहादुर सानैदेखि भलिबल खेल्दै आएका छन्", नरेशले भने, "हामी पनि बुबाको खेल कलाबाट प्रभावित भएर भलिबल खेल्न सिकेका र घरपरिवारकै टिम बनाएर प्रतियोगितामा खेल्न थालेका हौँ।" कक्षा १२ उत्तीर्ण गरेका नरेशले बुबाको घोडा व्यवसायलाई सघाउँदै आएका छन्। नवीन र केशव फलियागाउँको कक्षा १२ मा अध्ययनरत छन्।

एकै किसिमका अग्लो र पातलो जिउडाल भएका सबहादुर र उनका छोराले भलिबल टिमको सेटर, रेज, लिब्रोलगायत सबै खेलाडीको भूमिका निभाउन सक्छन्।

घरपरिवार भलिबल समूहले हालै धवलागिरि गाउँपालिका-७ धारापानी र वडा नं २ खोरियामा आयोजित प्रतियोगितामा उपाधि जितेको छ।

नवीन र केशवले धवलागिरि गाउँपालिकाले पछिल्लोपटक आयोजना गरेको राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा एथलेटिक्सतर्फ तीन/तीनवटा स्वर्ण पदक दिलाउँदै धजनता माविलाई विजयी बनाउन योगदान गरेका छन्। नरेशले पनि धवलागिरि गाउँपालिकाको तर्फबाट प्रदेशस्तरीय भलिबल प्रतियोगितामा सहभागी हुने अवसर पाएका छन्।

नरेश र नवीनले प्रदेशस्तरीय दौड र ज्यावलिङ थ्रो प्रतियोगितामा पनि भाग लिएका छन्। केशवले गत माघमा जिल्ला भलिबल सङ्घले आयोजना गरेको म्याग्दी कप भलिबल प्रतियोगितामा उत्कृष्ट सेटरको उपाधि जितेका छन्। मध्यमवर्गीय पारिवारिक पृष्ठभूमि भएका सबहादुर कतारमा दुई वर्ष रोजगारी गरेर फर्किएका हुन्। कतारबाट फर्किएपछि ढुवानी व्यवसायका लागि सबहादुरले घोडापालन गर्दै आएका छन्।

आठवटा घोडा पालेका सबहादुर घोडामा बोकाएर तरकारी र फलफूल बिक्रीका लागि गाउँठाउँमा पनि पुग्ने गर्छन्।

फुर्सदको समय र मेलाजात्रामा उनीहरूको टोली भलिबल प्रतिस्पर्धा गर्न जान्छ। उनीहरूको खेल मन पराएर दर्शकले आर्थिक सहयोगका साथै पोशाक सहयोग गर्न थालेका छन्। मुना घर भई हाल अस्ट्रेलियामा रहेका इम रोकाले शनिबार रु २७ हजार मूल्यबराबरको जर्सी र ट्र्याक उपलब्ध गराएका छन्। अमेरिकामा रहेका दलबल रोका, टेक रसाइली र अस्ट्रेलियाबाट ठहरबहादुर भण्डारीले पनि उनीहरूलाई जर्सी सहयोग गरेका छन्।

# कक्षा ५ सम्मको परीक्षा हटाउनुभन्दा वैज्ञानिक मूल्याङ्कन विधि लागू गरौं

नेपाल सरकारले कक्षा ५ सम्मको परम्परागत परीक्षा हटाउने निर्णय गरे पनि परीक्षा प्रणाली खारेज गर्नुभन्दा वैज्ञानिक मूल्याङ्कन विधि लागू गर्नु नै उत्तम विकल्प रहेको छ।

बालबालिकाको सिकाइलाई तनावमुक्त र प्रभावकारी बनाउन निरन्तर मूल्याङ्कन, परियोजना कार्य र पोर्टफोलियोमा आधारित वैज्ञानिक प्रणालीको आवश्यकता छ।

शिक्षकहरूको क्षमता अभिवृद्धि र स्पष्ट राष्ट्रिय मूल्याङ्कन ढाँचा निर्माण गरेर मात्र विद्यालय शिक्षामा अपेक्षित सुधार हासिल गर्न सकिन्छ।

नेपालको विद्यालय शिक्षा प्रणाली महत्त्वपूर्ण मोडमा उभिएको छ। नवगठित सरकारले 'शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूची' सार्वजनिक गर्दै आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्म लिइँदै आएको आन्तरिक परीक्षा प्रणाली पूर्ण रूपमा बन्द गर्ने सार्वजनिक गरेसँगै शिक्षा क्षेत्रमा व्यापक बहस सुरु भएको छ। कतिपयले यसलाई विद्यार्थीमैत्री प्रगतिशील कदम भनेका छन् त कतिपयले यसले शैक्षिक गुणस्तर घटाउने भन्दै चिन्ता व्यक्त गरेका छन्। तर मूल प्रश्न के हो भने- के परीक्षा प्रणाली खारेज गर्नु समाधान हो ? वा मूल्याङ्कन प्रणालीलाई पुनर्संरचना गरेर थप वैज्ञानिक बनाउनुपर्ने हो ?

परीक्षा लिने प्रणाली हटाउनु समाधान होइन, बरु मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक, मनोवैज्ञानिक ढङ्गले पुनर्संरचना गर्नु नै प्रभावकारी समाधान हो। किनभने परम्परागत परीक्षा प्रणालीले बालबालिकामा डर, तनाव र कण्ठस्थ सिकाइको प्रवृत्ति बढाउने गरेको भए पनि त्यसलाई पूर्ण रूपमा हटाएर त्यसको विकल्प प्रस्तुत गरिएन भने सिकाइको गुणस्तर झन् कमजोर हुन सक्छ।

फर्मेटिभ एसेसमेन्टको सिद्धान्तअनुसार मूल्याङ्कनलाई सिकाइ सुधार गर्ने उपकरणका रूपमा प्रयोग गर्ने गरिन्छ। यसले विद्यार्थीलाई डरमुक्त वातावरणमा निरन्तर सिक्न, गल्तीबाट सिकेर अघि बढ्न आत्मविश्वास दिन्छ। परीक्षा प्रणालीको मनोवैज्ञानिक प्रभाव

परम्परागत परीक्षा प्रणाली विशेषगरी प्रारम्भिक तहका बालबालिकाका लागि सिकाइको साधनभन्दा मानसिक दबाबको स्रोत बन्दै गएको देखिन्छ। यस्तो प्रणालीले विद्यार्थीलाई निरन्तर जाँचिने, तुलना गरिने र मूल्याङ्कन गरिने अवस्थामार्फत 'गल्ती गर्न नहुने' मनोवृत्ति विकास गराउँछ। यसका कारण उनीहरूमा डर, असुरक्षा र असफलताको त्रास बढ्न थाल्छ।

शिक्षा मनोविद् जिन पियाजेका अनुसार बालबालिकाले आफ्नो विकासको प्रारम्भिक चरणमा अनुभव, खेल र अन्वेषणमार्फत सिक्ने भएकाले उनीहरूलाई औपचारिक परीक्षा र अङ्ककेन्द्रित मूल्याङ्कनले स्वाभाविक सिकाइ प्रक्रियामा बाधा पुऱ्याउँछ।

त्यसैले कक्षा १ देखि ५ सम्मका बालबालिकालाई कागजकलममा आधारित परीक्षाभन्दा पनि अनुभवजन्य सिकाइ आवश्यक हुन्छ। यस उमेर समूहका विद्यार्थीहरू मुख्यतः प्रत्यक्ष अनुभव, खेल, अवलोकन र अन्तरक्रियाबाट सिक्ने चरणमा हुन्छन्। शिक्षा मनोविद् पियाजेका अनुसार बालबालिकाले 'कंक्रिट अपरेसनल' (मूर्त सञ्चालन) चरणमा वास्तविक वस्तु, गतिविधि र अनुभवमार्फत बुझाइ निर्माण गर्छन्।

सरकारले पनि यही अवधारणालाई पछ्याउँदै पक्कै पनि साना नानीबाबुहरूको लिखित परीक्षाभन्दा उनीहरूको अनुभवजन्य परीक्षा लिनुपर्छ भनेर सोचेको हुनुपर्छ। तथापि हामीले हालसम्म प्रयोग गरेको विधिमा एकैपटक फेरबदल ल्याउँदा त्यसले विद्यार्थीको शैक्षिक गुणस्तरलाई प्रभावित पारिरहेको हुन्छ।

मूल्याङ्कन : सिकाइसँगै चल्ने प्रक्रिया

मूल्याङ्कनलाई विद्यार्थीको सिकाइको कुनै एक निश्चित समयमा लिइने परीक्षामार्फत मात्र मापन गर्ने होइन। यो दैनिक कक्षा गतिविधि, व्यवहार, सहभागिता, प्रयास र प्रगतिको आधारमा निरन्तर रूपमा अवलोकन, विश्लेषण र सुधार गर्ने प्रक्रिया हो। यसले सिकाइलाई बोझ नभई जीवन व्यवहारका रूपमा बुझ्छ। यस अवधारणामा शिक्षकले विद्यार्थीलाई अन्तिम नतिजाबाट मात्र होइन, उसले सिक्ने क्रममा देखाएको जिज्ञासा, सोधेका प्रश्न, गरेको प्रयास, गल्ती र त्यसबाट सिक्ने क्षमताका आधारमा मूल्याङ्कन गर्ने हो। मूल्याङ्कनलाई डर र दबाबको माध्यमबाट हटाएर सहयोग र मार्गदर्शनको उपकरणमा रूपान्तरण गर्छ।विश्वका सफल शिक्षा प्रणालीहरूले धेरै अघि नै परीक्षाकेन्द्रित दृष्टिकोणबाट सिकाइकेन्द्रित मूल्याङ्कनतर्फ फड्को मारिसकेका छन्। विद्यार्थीको मूल्याङ्कन केवल अङ्क र नतिजामा सीमित नरही उसको समग्र विकास, बुझाइ, सीप र व्यवहारमा आधारित हुन्छ। उदाहरणका लागि फिनल्यान्डमा प्रारम्भिक कक्षाहरूमा कुनै उच्च दबाबयुक्त औपचारिक परीक्षा हुँदैन, बरु शिक्षकले दैनिक कक्षा गतिविधि, अवलोकन र अन्तरक्रियामार्फत विद्यार्थीको प्रगति मूल्याङ्कन गर्छन्।

यसले सिकाइलाई सहज र तनावमुक्त बनाउँछ। त्यस्तै सिङ्गापुरले दक्षतामा आधारित मूल्याङ्कन प्रणाली अपनाएको छ, जहाँ विद्यार्थीले सिकेको ज्ञानलाई व्यवहारमा कसरी प्रयोग गर्न सक्छन् भन्ने कुरामा विशेष जोड दिइन्छ। क्यानडामा भने मूल्याङ्कनलाई सिकाइ सुधारको उपकरणका रूपमा लिइन्छ। शिक्षकले निरन्तर प्रतिक्रिया, परियोजना कार्य र पोर्टफोलियोमार्फत विद्यार्थीको प्रगति ट्र्याक गर्छन्, जसले विद्यार्थीलाई आफ्नै सिकाइप्रति जिम्मेवार बनाउँछ। यी सबै उदाहरणहरूले स्पष्ट देखाउँछन् कि प्रभावकारी शिक्षा प्रणालीहरूमा परीक्षा अन्तिम लक्ष्य होइन, बरु सिकाइलाई गहिरो, अर्थपूर्ण र जीवनोपयोगी बनाउने माध्यम हो।

नेपालको नीति र व्यवहार

नेपालमा कक्षा ५ सम्म परम्परागत परीक्षा हटाउने प्रयास शिक्षा प्रणालीलाई बालमैत्री र आधुनिक बनाउने सकारात्मक सङ्केत हो। तर व्यवहारमा यसको प्रभावकारिता नीति र कार्यान्वयनबीचको




दूरीका कारण सीमित हुने जोखिम देखिन्छ। कागजमा तयार गरिएका अवधारणाहरू विद्यालय तहमा समान रूपमा लागू हुन नसक्दा अपेक्षित परिणाम नआउन सक्छ उदाहरणका लागि धेरै विद्यालयहरूमा निरन्तर मूल्याङ्कनको अवधारणा स्वीकार गरिए पनि त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट मापदण्ड, उपकरण र प्रशिक्षित मानवस्रोतको अभाव छ। यस्तोमा शिक्षकहरूले व्यक्तिगत अनुभव र अनुमानका आधारमा मूल्याङ्कन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। यसले निष्पक्षता र विश्वसनीयतामा प्रश्न उठाउँछ। यसका साथै अभिभावकहरू अझै पनि अङ्क र श्रेणीलाई नै सिकाइको प्रमुख सूचक मान्ने परम्परागत सोचबाट बाहिर निस्किएका छैनन्।

तर यसको ठाउँमा वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गरेमा मूल्याङ्कन प्रक्रियालाई स्पष्ट मापदण्ड, प्रमाण, निरन्तर अवलोकन र सुधारमुखी दृष्टिकोणबाट अघि बढाउन सकिन्छ। यसले विद्यार्थीको सिकाइलाई वस्तुनिष्ठ, निष्पक्ष र विश्वसनीय रूपमा मापन गर्न सक्छ। यससँगै मूल्याङ्कनलाई बहुआयामिक बनाउनु जरुरी छ। विद्यार्थीको ज्ञान मात्र होइन, उसको सोच्ने क्षमता, समस्या समाधान गर्ने सीप, व्यवहार, सहकार्य र सिर्जनात्मकतासमेत समेटिन्छ। वास्तविक सिकाइ केवल पाठ्यपुस्तकको जानकारीमा सीमित हुँदैन। वैज्ञानिक प्रणालीको अर्को महत्त्वपूर्ण पक्ष भनेको प्रमाणमा आधारित मूल्याङ्कन हो। यसका लागि विद्यार्थीको पोर्टफोलियो, परियोजना कार्य, कक्षा गतिविधि, मौखिक प्रस्तुति र दैनिक कार्यसम्पादनलाई अभिलेख राखिन्छ। यही प्रक्रियाले सिकाइलाई निरन्तर र प्रभावकारी बनाउँछ।

अब के गर्ने ?

कक्षा ५ सम्म परीक्षा हटाउने नीतिलाई प्रभावकारी बनाउन सबैभन्दा महत्त्वपूर्ण कुरा स्पष्ट, वैज्ञानिक र कार्यान्वयनयोग्य मूल्याङ्कन प्रणाली निर्माण गर्नु हो। जसका लागि सरकार, विद्यालय र शिक्षक-तीनै तहमा समन्वित र जिम्मेवार पहल आवश्यक हुन्छ। सर्वप्रथम, सरकारका तर्फबाट राष्ट्रिय स्तरको एकीकृत मूल्याङ्कन ढाँचा विकास गरिनु आवश्यक छ।

यसले कक्षा १-५ सम्म के-कस्ता सिकाइ उपलब्धि अपेक्षित छन्, तिनीहरूलाई कसरी मापन गर्ने र कुन मापदण्ड प्रयोग गर्ने भन्ने स्पष्ट दिशा दिन्छ। साथै निरन्तर मूल्याङ्कनलाई व्यवहारमा लागू गर्न शिक्षकका लागि अनिवार्य तालिम, नियमित पुनर्ताजगी कार्यक्रम र प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्नुपर्छ।

विद्यालय स्तरमा मूल्याङ्कनलाई पारदर्शी, प्रमाणमा आधारित र व्यवस्थित बनाउन स्पष्ट कार्यतालिका तयार गर्ने, विद्यार्थीको पोर्टफोलियो र प्रगति अभिलेख राख्ने, डिजिटल प्रणालीमार्फत डेटा व्यवस्थापन गर्ने र अभिभावकलाई नियमित रूपमा गुणात्मक प्रतिवेदन उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ। यसले मूल्याङ्कनप्रति विश्वास र उत्तरदायित्व बढाउँछ।

शिक्षकका लागि भने मूल्याङ्कनलाई निष्पक्ष, अवलोकनमा आधारित र सुधारमुखी बनाउने सीप विकास गर्नु अनिवार्य छ। जसअन्तर्गत उनीहरूले विद्यार्थीलाई निरन्तर र स्पष्ट प्रतिक्रिया दिनु, व्यक्तिगत भिन्नतालाई सम्मान गर्नु र सिकाइलाई केन्द्रमा राखेर शिक्षण विधि अनुकूलन गर्नु आवश्यक हुन्छ।

(आचार्य चैतन्य पाठशाला राप्तीका प्रबन्ध निर्देशक हुन्।)

**सांभार : रातोपाटी ।**

# किसानलाई परिचयपत्रसहित विभिन्न सेवा सुविधा उपलब्ध गराउँदै मन्त्रालय

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २२ चैत्र**



कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानलाई पुनः सूचीकरण गर्न सुरु गरेको छ। किसानलाई परिचयपत्रसहित विभिन्न सेवा सुविधा र अनुदान उपलब्ध गराउने उद्देश्यले सुरु गरिएको अनलाइन प्रणालीमा प्रविधिक समस्या आएपछि गत कात्तिक २५ गतेदेखि सञ्चालन हुनसकेको थिएन। सूचीकृत किसानलाई रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापन, सुविधा उपलब्ध गराउने योजना रहेको उक्त कार्यक्रम प्रभावकारी देखिएकाले १७ लाख ३७ हजार किसानलाई सूचीबद्ध गर्नका लागि पुनः सूचीकरण गर्न सुरु गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए। बाँकी किसानलाई छिट्टै गणनामा समावेश गरी प्रणालीमा जोड्ने तयारी भइरहेको जनाइएको छ। उक्त प्रणालीमा देशभर स्थानीय तहसँग समन्वय गरी वास्तविक किसान पहिचान गरेर किसानको खेती गरेको जमिनको क्षेत्रफल, उत्पादित उपजलगायत विवरणसहित एकीकृत तथ्याङ्क सङ्कलन तथा अभिलेख राखिएको छ।

कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजार किसान रहेकामा अहिलेसम्म २३ लाख ९३ हजार किसान सूचीमा समावेश गरिसकेको मन्त्रालयले जनाएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले किसानलाई सम्बन्धित स्थानीय तहमा आफ्नो नाम दर्ता गराउन आग्रह गरेको छ।

किसानको जमिनको विवरण, आम्दानीको अवस्था, खेती उत्पादन, निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा वर्गीकरण गरिएको केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिए।

# वृहत्तर जनकपुर क्षेत्र विकासका तत्कालीन अध्यक्षसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २२ चैत्र**

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष शालीग्राम सिंहसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। घुम्ती शौचालय खरिदमा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूसहित ईशिता ट्रेडर्सविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। आर्थिक वर्ष २०७६/०७७ मा दुई थान बायो घुम्ती शौचालय खरिद कार्यमा विनियोजित रकम खरिद ऐन विपरीत प्रतिस्पर्धाविना सोझै खरिद गरी भ्रष्टाचार गरेको रुपाइएपछि उनीहरूविरुद्ध मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिए। आयोगले सिंहका साथै तत्कालीन कार्यकारी निर्देशक बलराम ठाकुर, तत्कालीन प्रशासकीय अधिकृत चिरञ्जीवीराज शर्मा ढुङ्गाना,



तत्कालीन लेखापाल सावित्री कुमारी गिरी, तत्कालीन खरिदार मदनकुमार चौधरी सूडी, ईशिता ट्रेडर्स र कम्पनीका प्रोपाइटर पशुपतिनाथ पाठकलाई पनि प्रतिवादी बनाएको छ। आयोगले उनीहरूविरुद्ध जनही ५५ लाख २ हजार ८५४ रुपैयाँ बिगो कायम गरेर कैद र जरिवानाको मागदाबी गरेको छ।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday